# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादी</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसलाका आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>डा. अर्जुनप्रसाद सापकोटा, राधाकृष्ण श्रेष्ठ, राजेश्वर रंजितकार, रविकुमार महतो, राजेश्वर कमली, नेत्र नरसिंह कार्की, नवराज श्रेष्ठ र जनमुक्ति हेल्थ इन्टरप्राइजेज<br>मुद्दा नं. ०८२-CR-००४०<br><br>फैसला मितिः २०८२।१२।१५</td>
<td>सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको।</td>
<td>क. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाका तत्कालीन निमित्त निर्देशक डा.अर्जुनप्रसाद सापकोटा, तत्कालीन लेखा अधिकृत (मूल्याङ्कन समितिका सदस्य) राधाकृष्ण श्रेष्ठ, तत्कालीन बायोमेडिकल इन्जिनियर (मूल्याङ्कन समितिका सदस्य) राजेश्वर कमली, रेफ्रिजेरेटर टेक्निशियन (मूल्याङ्कन समितिका सदस्य) रविकुमार महतो, फार्मेसी सुपरभाइजर (मूल्याङ्कन समितिका सदस्य) राजेश्वर रंजितकारर प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश हेटौंडाका तत्कालीन लेखा अधिकृत ८ औं तह (मूल्याङ्कन समितिका सदस्य) नेत्रनरसिंह कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) र (छ) बमोजिमको कसूरमा विगो रू.३१,१७,०८९।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा</td>
<td>क. बोलपत्र मुल्यांकनको निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले सो निर्णय उपर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिने तथा सोही ऐनको दफा ४९ बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्नेमा सो बमोजिम सम्बन्धित बोलपत्रदाताले उजुरी निवेदन दिएको अवस्था नदेखिएको।<br>ख. केवल मूल्य अन्तरको आधारमा मात्र बदनियत वा मिलेमतो भयो भनी आशंकाको आधारमा दिइएको उजुरीको आधारमा मात्र भ्रष्टाचार जस्तो गम्भीर अपराधमा प्रतिवादीहरूलाई शंकाको भरमा सजाय गर्नु न्याय र कानुनको रोहमा उचित हुने नदेखिएको।<br>ग. प्रक्रियामा संलग्न प्रतिवादीहरूलाई सफल बोलपत्रदातासँग अनुचित लेनदेन वा मिलेमतो गरी निर्णय गरिएको थियो भनी बदनियत पुष्टि हुने बस्तुनिष्ठ प्रमाण पेश हुन सकेको</td>
<td>क. स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडाद्वारा आ.व २०७८।७९ मा बजेट उपशीर्षक नं. ३५०००१९ अन्तर्गत स्वास्थ्य संस्थाहरूमा कोभिड १९ विरुद्ध आवश्यक व्यक्तिगत सुरक्षा सामाग्रीहरूको व्यवस्थापन (स्वास्थ्य सामाग्री) को लागि विनियोजित भएको रु.२,००,००,०००।-(अक्षरेपी दुई करोड) बजेटबाट खरिद प्रक्रिया अगाडि बढाउन स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाद्वारा मूल्यांकन समिति गठन गरेको निर्णय नै नभएको अवस्थामा बोलपत्र मुल्यांकन समितिमा (डा. अर्जुन प्रसाद सापकोटाः अध्यक्ष, राधाकृष्ण श्रेष्ठः सदस्य, राजेश्वर रंजितकारः सचिब, रेवती थापाः आमन्त्रित सदस्य, रवीकुमार महतोः आमन्त्रित सदस्य, राजेश्वर कमलीः सदस्य बायोमेडिकल ईन्जिनियर, नेत्र नर सिंह कार्की, लेखा अधिकृत, प्रदेश लेखा नियन्त्रक कार्यालयःआमन्त्रित सदस्य) संलग्न रही बोलपत्र नं. HLMC/G/SC-२/२०७८/७९ संग सम्बन्धित स्वास्थ्य सामाग्री आपूर्ति ठेक्काको बोलपत्र मूल्याङ्कन सम्वन्धी निर्णय गरे गराएको देखिदा उक्त गठन भएको मुल्यांकन समितिको वैधानिकतामा नै प्रश्न उठेको देखिन्छ। उक्त समितिबाट सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bid Document को Section IV, Table of Forms अन्तर्गत Manufacturer's Authorization Letter को आधारमा मिति २०७८।१०।२९ को मूल्याङ्कन समितिको निर्णयले Janamukti Health Enterprises लाई एक मात्र सफल बोलपत्रदाता मानी मिति २०७८।११।०२ सम्झौता गर्न सिफारिस गर्ने निर्णय गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (६) मा बोलपत्रदाता वा प्रस्तावदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रूपमा झुट्टा वा सारभूत रूपमा अपूरो भएको पाइएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदाता वा प्रस्तावदातालाई अयोग्य ठहराउन सक्नेछ, तर सानातिना त्रुटि भएको अवस्थामा सम्बन्धित बोलपत्रदाता वा प्रस्तावदाताबाट सो सम्बन्धी जानकारी माग गरी सच्याउन सकिनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (४) मा सार्वजनिक निकायले यस दफा बमोजिम बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले यि प्रतिवादीहरुले प्रतिस्पर्धा सिमित गर्ने उद्देश्यले Manufacturers authorization letter लाई Mandatory Condition को शर्त बनाई Bid Document तयार गरेको र सोही आधारमा KS INTERNATIONAL, Dispovan Syringe and Medical Devices ले Standard Bid Document को Section V को Schedule of Requiremetns अन्तर्गत Technical Specification को Table मा स्वास्थ्य सामाग्रीको उत्पादनकर्ता (Manufacturer) को नाम उल्लेख गरी सम्बन्धित Certificate हरु संलग्न गरे तापनि सो सम्बन्धमा कुनै जानकारी माग नगरी अयोग्य ठहर गरी चौथो स्थानमा कम रकम कवोल गर्ने बोलपत्रदाता Janamukti Health Enterprises सँग सम्झौता गरेको देखिदा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडामा कार्यरत यि राष्ट्रसेवक प्रतिवादीहरु र बोलपत्रदाता Janamukti Health Enterprises विचमा बदनियतपुर्ण मिलेमतो रहेको तथ्य स्थापित भएको देखिन्छ। मुल्याङ्कन समितिले सफल भएको मानिएको बोलपत्रदाता Janamukti Health Enterprises ले पेश गरेको Manufacturer's Authorization letter मध्ये Nitril Gloves को लागी Guang Dong Andun Guard Protective Supplies Co. Ltd. को Manufacturer's Authorization letter मा आधिकारिक व्यक्तिको नाम र हस्ताक्षर नभएको, Personal protective Cover all, Surgical Mask, N९५ Mask गरी जम्मा ३ वटा सामाग्रीको लागि Hubei Medwear Protective Products Co ltd. ले पेश गरेको Manufacturer's Authorization letter मा आधिकारिक व्यक्तिको हस्ताक्षर नभएको अवस्थामा उक्त पत्रहरुको आधिकारिकता जाँच र परीक्षण नगरी सफल भएको भनी आशयको सूचना प्रकाशन गरी एक मात्र Janamukti Health Enterprises लाई लक्षित गरी सोही बोलपत्रदातालाई सफल गराउने बदनियत राखी अपव्याख्या गरी गराई मनसायपूर्वक गलत मूल्याङ्कन प्रतिवेदन खडा गरी गराई सोही मूल्याङ्कन समेतको आधारमा तल तालिका नं. १ बमोजिमको सरकारी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको देखिन्छ।<br><br><u>तालिका नं. १</u><br><u>सरकारी हानिनोक्सानी भएको रकमः</u><br>
<table>
<tr><th>क. स</th><th>लागत अनुमान रु.</th><th>बोलपत्रदाता</th><th>आर्थिक प्रस्ताव भ्याट ) .रु (समेत</th><th>लागत अनुमान भन्दा फरक रु .</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>१,९९,६४,३३०।३७</td><td>KS INTERNATIONAL</td><td>९३,२६,९२३।०० (अङ्क र अक्षरमा फरक भएकोमा अक्षर मा</td><td>१,०६,३७,४०७।३७ (५३.२८%</td><td>प्राविधिक प्रस्तावको मूल्याङ्कनमा Manufacturer's</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरि सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत कैद र जरिवाना समेतको सजाय गरि पाउन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ ।<br>ख. आपूर्तिकर्ता जनमुक्ति हेल्थ ईन्टरप्राईजेज तथा उक्त कम्पनीका प्रोपाईटर नवराज श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसूरदार सरह सजाय गरि पाउन समेतको मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>प्रतिवादीहरू डा. अर्जुनप्रसाद सापकोटा, राधाकृष्ण श्रेष्ठ, राजेश्वर रंजितकार, रविकुमार महतो, राजेश्वर कमली, नेत्र नरसिंह कार्की, नवराज श्रेष्ठ र जनमुक्ति हेल्थ इन्टरप्राइजेजले आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।</td>
<td>नदेखिएको।</td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td></td><td>उल्लेख भए अनुसार)</td><td>घटी)</td><td>Authorization letter पेश नभएको कारण देखाई अनुत्तिर्ण गरे गराएको।</td></tr>
<tr><td>२.</td><td></td><td>Janamukti health Enterprises</td><td>१,२४,४४,०१२।००</td><td>७५,२०,३१८।३७ (३७.६६% घटी)</td><td>बोलपत्र स्वीकृत भई सम्झौता भएको। Manufacturer's Authorization letter मा आधिकारिक दस्तखत नभएको ।</td></tr>
<tr><td colspan="4">हानिनोक्सानी गरे गराएको रकम (२-१)</td><td colspan="2">रु.३१,१७,०८९।-<br>(अक्षरेपी एकतीस लाख सत्र हजार उनान्नब्बे रुपैयाँ)</td></tr>
</table>
माथि तालिका नं. १ मा विश्लेषण गरिए बमोजिम राष्ट्रसेवक प्रतिवादीहरुले आफू तथा अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ र सार्वजनिक संस्थाको सम्पत्तिको गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बदनियतले आफ्नो पद ओहोदाको दुरुपयोग गरी गराई आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ति राष्ट्रसेवक बाहेकका अन्य प्रतिवादीसँगको मिलेमतोमा गलत मूल्याङ्कन प्रतिवेदन खडा गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूर गरी सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गरी ऐ ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) र (छ) बमोजिमको कसूर गरेको तथ्य स-प्रमाण स्थापित भएको अवस्थामा उक्त प्रमाणहरुको मुल्यांकन नगरि प्रतिवादीहरु मुल्यांकन समितिमा रहेका प्रतिवादीहरु डा.अर्जुनप्रसाद सापकोटा, राधाकृष्ण श्रेष्ठ, राजेश्वर कमली, रविकुमार महतो, राजेश्वर रंजितकार र नेत्रनरसिंह कार्कीलाई आरोपदावीबाट पूर्ण सफाई हुने ठहर गरी भएको फैसला प्रमाण न्यायिक परीक्षणको रोहबाट त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br><br>
ख. आपूर्तिकर्ता जनमुक्ति हेल्थ ईन्टरप्राईजेज तथा उक्त कम्पनीका प्रोपाईटर नवराज श्रेष्ठको हकमा हेर्दा निज प्रतिवादी नवराज श्रेष्ठले पेश गरेको Manufactures' Authorization letter मा भएका सामान्य त्रुटीको सम्बन्धमा राष्ट्रसेवक प्रतिवादीहरुले आवश्यक जानकारी समेत माग नगरी नगराई न्यून रकम बोल कबोल गर्ने बोलपत्रदाताहरुलाई अनुत्तीर्ण गरी/गराउन लगाई प्रतिवादीहरुको आफ्नो फर्म जनमुक्ति हेल्थ ईन्टरप्राईजेजले पेश गरेको Manufacturer's Authorization letter मा आधिकारिक सही/दस्तखत नभएको अवस्थामा समेत आधिकारिकता परीक्षण विना बोलपत्रको पूर्णता, प्राविधिक तथा आर्थिक परीक्षणमा उत्तिर्ण भएको भनी बोलपत्र मूल्याङ्कन समितिबाट निर्णय गरेवाट प्रस्तुत वारदातमा राष्ट्रसेवक र माथि उल्लिखित प्रतिवादीहरुसँग बोलपत्र मूल्याङ्कनमा बदनियतपुर्ण मिलेमतो गरे गराएको प्रष्टै देखिन्छ। यसरी सार्वजनिक खरिदमा बढी प्रतिस्पर्धा गराई कम लागतमा गुणस्तरीय वस्तु वा सेवा खरिद गर्नुपर्ने कानूनको उद्देश्य विपरीत यी प्रतिवादीले आफु मात्र छनौटमा पर्ने गरी र कम लागतमा सार्वजनिक निर्माणको काम गर्न इच्छुक अन्य प्रतिस्पर्धी बोलपत्रदातालाई यी प्रतिवादी समेतको संलग्नतामा गैरकानूनी स्वार्थ एवं लाभका लागि दुषित मनसाय एवं नियोजित तवरले प्रतिस्पर्धाबाट हटाउन लगाई निजले स्वास्थ्य सामाग्री आपूर्ति ठेक्का लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतीको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेको स्थापित भएको अवस्थामा केवल मूल्य अन्तरको आधारमा मात्र बदनियत वा मिलेमतो भयो भनी आशंका गर्न नमिल्ने भनी प्रतिवादीहरुलाई आरोपदावी पूर्ण सफाई हुने गरी भएको फैसला प्रमाण मुल्यांकनको रोहबाट त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br><br>
ग. भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) मा "सरकारी निकाय वा सावनजनिक संस्थाको कामको सिलसिलामा हुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिँदा बदनियत पूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि एक वर्ष सम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा संकलित स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाबाट विभिन्न मितिको पत्रमार्फत प्राप्त सम्पूर्ण कागजातहरु सार्वजनिक खरिद परामर्श कार्यटोलीको राय, शंकित/प्रतिवादीहरुको बयान लगायतका मिसिल संलग्न प्रमाण कागजातहरुको आधारमा यि प्रतिवादीहरुले बोलपत्र मूल्याङ्कन समितिको जिम्मेवारीमा रही प्राविधिक पक्षको मूल्याङ्कनमा बोलपत्रदाता Janamukti Health Enterprises ले कुल ७ वटा मध्ये ३ वटा स्वास्थ्य
</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सामाग्रीहरुको लागी पेश गरेको Hubei Medwear Protective Products Co Ltd. को Manufacturer’s Authorization letter मा आधिकारिक व्यक्तिको हस्ताक्षर नभएको अवस्थामा समेत आधिकारिकता जाँचको परीक्षण समेत नगरी/नगराई एक मात्र बोलपत्रदाता Janamukti Health Enterprises लाई लक्षित गरी सफल बनाई राष्ट्रसेवक कर्मचारीहरु तथा बोलपत्रदातासंगको बदनियतपूर्वक मिलेमतोबाट गलत मूल्याङ्कन प्रतिवेदन खडा गरि भ्रष्टाचारजन्य कसूर गरेको तथ्य स्थापित भएको देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतवाट “भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने” भनी मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार भएको ने.का.प २०७५, अंक११, नि.नं. १०१४२ मुद्दामा सिद्धान्त प्रतिपादित भएको देखिदा उक्त नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा वदर भागी छ।<br><br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरु प्रतिवादीहरू डा. अर्जुनप्रसाद सापकोटा, राधाकृष्ण श्रेष्ठ, राजेश्वर रंजितकार, रविकुमार महतो, राजेश्वर कमली, नेत्र नरसिंह कार्की, नवराज श्रेष्ठ र जनमुक्ति हेल्थ इन्टरप्राइजेजलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपुर्ण देखिदा उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |